जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ४ २०८० साल साउन ४ गते बिहीबार (20 July 2023 Thursday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : दाइजो सम्बन्धी कानुन पालना... ३ पृष्ठमा : डेङ्गु सङ्क्रमण ह्वात्तै बढ्यो, ... ३ पृष्ठमफ्रान्सेली दङ्गामा सात...

# चार दिनदेखी १३ वर्षिया बालिका वेपत्ता

## कुवेतमा रहेकी आमाद्वारा छोरी पत्ता लगाइदिन आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, ३ साउन ।**

चार दिनदेखी सप्तरीको महादेवा गाउँपालिका १ पकरीकी १३ वर्षिया आरुसी ठाकुर वेपत्ता छिन् । आइतबार बिहान ८ बजेतिर घरबाट निस्केकी उनी बुधबार साँझसम्म सम्पर्कमा आएकी छैनन् ।

पकरीस्थित नरबहादुर थापा जनता माध्यमिक विद्यालयमा कक्षा ९ मा अध्ययनरत उनी आइतबार विहान ८ बजेदेखी वेपत्ता छिन् ।

हजुरबुबाको रेखदेखमा रहेकी आरुसीकी आमा जानकी भने बैदेशिक रोजगारीको सिलसिलामा हाल कुवेतमा छिन् । उनका बुबा भरत ठाकुरको पाँच वर्षअघि निधन भइसकेको छ ।

छोरीको अवस्था पत्ता लगाउने कार्यमा पहल गरिदिन कुवेतबाटै जानकीले संचारकर्मीहरुलाई फोन गरेर आग्रह गरेकी छिन् ।

"शनिबार राती ९ बजेतिर छोरीले बोक्ने ९८१४७७८५७० नम्बरको मोबाइलबाट अन्तिम पटक कुरा भएको र त्यसपछि स्विचअफ छ ।" आमा जानकीले भनिन्, "विद्यालयमा भोलीदेखी गर्मी बिदा छ, भोली टोलकै दिदीहरुसँग जनकपुरस्थित भाटभटेनी घुम्ने योजना बनाएकी छुँ, छोरीले सोधेको तर, मैले अनुमति दिइन् ।"



वेपत्ता रहेकी १३ वर्षिया आरुसी ठाकुर ।
*तस्बिर : राजविराज दैनिक*

आरुसी ठाकुर दाम्पत्तिका एक्ली सन्तान हुन् । घरको आर्थिक अवस्था कमजोर भएको तथा श्रीमान्को निधनपछि जिवनयापन धौं धौं भएपछि विदेशिनु परेको जानकीले सुनाइन् । छोरीको रेखदेख गर्ने कोही नभएकाले उनले आरुसीलाई हजुरबुबाको जिम्मा दिई केही समयअघि मात्र कुवेत पुगेकी बताइन् ।

हजुरबुवा प्रेम कुवरले केही काम छ भन्दै आइतबार बिहान ८ बजेतिर निस्केको आरुसी साँझ अबेरसम्म नफर्केपछि चिन्तामा डुबेको बताए । भोलीपल्ट एकाबिहान उठेर आरुसीका सहपाठी, छरछिमेक तथा चिनजानका सबैमा

*बाँकी अन्तिम पृष्ठमा*

# मोटरबाट करेन्ट लागेर बालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ३ साउन ।**

ट्युवेलमा जडान गरिएको मोटरबाट करेन्ट लागेर सप्तरीको खडक नगरपालिकामा एक बालकको मंगलबार साँझ मृत्यु भएको छ ।

वडा नं. ७ मझौ टोल बस्ने कटर बहादुर तमाङका ९ वर्षिय छोरा आदित तमाङको करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार आफ्नै घरको कलमा जडान गरिएको मोटरबाट करेन्ट लागेर गम्भिर घाइते भएका उनलाई उपचारका लागी गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा लगिएकोमा सोही अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# सम्पत्ति विवरण बुझाउन राष्ट्रिय सतर्कता केन्द्रको आग्रह

काठमाडौं, ३ साउन (रासस) ।

राष्ट्रिय सतर्कता केन्द्रले सार्वजनिक पदधारण गरेका पदाधिकारी तथा कर्मचारीलाई सम्पत्ति विवरण बुझाउन आग्रह गरेको छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० अनुसार सार्वजनिक पद धारण गरेका व्यक्तिलाई आव २०७९/८० को सम्पत्ति विवरण बुझाउन आग्रह गरिएको उक्त केन्द्रका सूचना अधिकारी तथा उपसचिव हरिप्रसाद शर्माले राससलाई जानकारी दिनुभयो ।

उहाँका अनुसार आर्थिक वर्ष सुरु भएको मितिले ६० दिनभित्र सार्वजनिक जिम्मेवारीमा रहेका पारिश्रमिक पाउने वा नपाउने सम्पूर्ण पदाधिकारी तथा कर्मचारीलाई सम्पत्ति विवरण बुझाउन आग्रह गरिएको हो ।

सार्वजनिक पद धारण गरेका व्यक्तिले तोकिएको समयभित्र सम्पत्ति विवरण नबुझाएमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (३) बमोजिम कारवाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाउने जनाएको छ ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

विगत १५ वर्ष देखी संचालन हुदै आएको

**ओभरसियरी क्याम्पस**

( CTEVT बाट मान्यता प्राप्त )

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ**

( ३ बर्षे )

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए. वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

फारम भर्ने अन्तिम मिति : २०८० श्रावण १२ गते सम्म ।

सम्पर्क :

**सफटेक इन्जिनियरिङ कलेज**

रुपनी रोड, राजविराज-८ (सप्तरी)

फोन नं.-०३१-५२०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

विगत २५ वर्षदेखी उत्कृष्ट नतिजा ल्याउन सफल जगदम्बा मेडिकल इन्स्टिच्यूट राजविराजमा

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

हाम्रा बिशेषताहरु –

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०८०/३/२९ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०८०/४/१२
प्रवेश परिक्षा मिति : २०८०/४/२४ गते दिउँसो १ बजे

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक

फोन नं. ०३१-५३१४७८

मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय ....

# शिक्षाबाट बालबालिका बञ्चित नहोस् भन्नेप्रति सचेत होऔं

शिक्षा यस्तो शस्त्र हो जुन कसैबाट खोस्न सकिन्न् । तर बालबालिकाहरु शिक्षा ग्रहण गरिरहेका छन् की छैनन् भन्ने चिन्ताको विषय बनेको छ अहिले । सप्तरीका विभिन्न ग्रामिण भेगका दलित, अतिविपन्न, मुसहर समुदायका बालबालिकाहरु अझै शिक्षाको पहुँचबाट निकै टाढा रहेका छन । सरकारीस्तरबाट शिक्षामा सबैभन्दा बढी लगानी हुने गरेको छ । तर लगानी गरे अनुसार प्रतिफल आउन नसक्नु विडम्बना हो । सरकारले शिक्षामा बर्षेनी अर्बौको लगानी गर्ने गर्छ । लगानी गरेर मात्र पुग्दैन् त्यसको प्रत्यक्ष निगरानी पनि जरुरी छ ।

जिल्लाका विभिन्न ग्रामिण भेगका ती समुदायका बालबालिकाहरु पढ्ने उमेरका विभिन्न घरायसी कामका गर्नुका साथै अरुको घरमा मजदुरी गरी आफ्नो गुजारा गर्दै आएका छन । रहर होईन बाध्यतावस ती समुदायका बालबालिकाहरु अरुको घरमा मेहनत मजदुरी गर्नुका साथै गाई, गोरु, भैसी, बाख्रा चराउँदै दिन बिताउँदै आएका छन । स्थानीय अभिभावकहरु जागरुक नभएकै कारण र सरकारी उदासिनताका कारणले पनि ती समुदायका बालबालिकाहरु अझै शिक्षाको पहुँचबाट टाढा रहेको प्रष्ट देखिन्छ ।

सरकारले ती समुदायका लागि विभिन्न सहयोगहरु गरेपनि पहुँचबाला तथा आर्थिक अवस्था मजवुत भएका परिवारमै सिमित रहन गएकोले पनि यस्तो अवस्था आएको हुनसक्छ । राजनीतिमा पहुँच भएका तथा आर्थिक रुपमा सबल रहेका परिवारहरुमै सरकारी सेवा सुविधा सीमित रहने गरेकाले मधेशका त्यस्ता समुदायहरु पछाडी पारिएको अवस्था छ । तसर्थ त्यस्ता समुदायका बालबालिकाका लागि सरोकारवाला निकायले नियमित अनुगमन गरेर सरकारले दिने सेवा सुविधाप्रति गम्भिर रुपमा निगरानी बढाउनु उत्तिकै आवश्यक छ ।

# दाइजो सम्बन्धी कानुन पालना खोइ

**रोशनकुमार झा**

काठमाडौं, ३ साउन (रासस) ।

आजको एक्काइसौं शताब्दीको युगमा पनि नेपाली महिला दाइजो, बोक्सी, छाउपडी, बालविवाह, बहुपति, बहुपत्नीलगायतका कुप्रथा तथा कुसंस्कारजन्य गम्भीर प्रकृतिका हिंसा सहन बाध्य छन् । कतिपय महिला घरेलु हिंसा, बलात्कार, यौनजन्य हिंसा, कार्यस्थलमा हुने, आर्थिक तथा सांस्कृतिक हिंसाको शिकार भई नैसर्गिक मानव अधिकारबाट समेत वञ्चित छन् । विश्वव्यापी समस्याको रूपमा व्याप्त लैङ्गिक हिंसालाई स्थान तथा परिवेशले फरक पार्दछ । धार्मिक, सांस्कृतिक, सामाजिक परिवेश, शिक्षा र चेतनाको स्तर, आर्थिक सशक्तीकरण र विश्वव्यापीकरणको प्रभावले गर्दा यसको स्वरूप र स्तरमा भिन्नता देखिन्छ ।

महिलाविरूद्ध हुने विभिन्न लैङ्गिक हिंसाहरूमध्ये दाइजो प्रथा पनि एक प्रमुख घरेलु हिंसाका रूपमा लिइएको छ । नेपाल डेमोग्राफिक हेल्थ सर्भेका अनुसार ३५ प्रतिशत महिलाहरू कुनै न कुनै हिंसाको शिकार भएका छन् । घरेलु हिंसा, बलात्कार, यौनजन्य हिंसा र दाइजो धेरै नपाएको कारणबाट हुने हिंसालगायतका विभिन्न स्वरूपका लैङ्गिक हिंसाहरूबाट धेरै महिला पीडित छन् । २०६२/६३ को जनआन्दोलन भएलगतै मधेशबाट उठेको मधेश विद्रोहले देशलाई सङ्घीय शासन प्रणालीमा डोऱ्यायो । आज पनि मधेश प्रदेशमा दाइजो प्रथासँगै महिला हिंसाको घटनामा कमी आएको छैन । बढ्दो दाइजो प्रथाका कारण महिला हिंसाका घटनाहरू दिनदिनै बढिरहेका छन् ।

अहिले बदलिदो समयसँग दाइजो लिने स्वरूप पनि बदलिएको छ । दाइजो प्रथाले संस्कृतिको रुप लिन थालेपछि यसको मारमा न्यून आय भएका र आर्थिक अवस्था जर्जर भएका अभिभावक तथा तिनका सन्तति पर्ने गरेका छन् । बालिकाहरूको आर्थिक, सामाजिक एवं शिक्षाको स्तर अत्यन्तै कमजोर रहेको सन्दर्भमा मधेश प्रदेश सरकारले 'मुख्यमन्त्री बेटी पढाऊँ, बेटी बचाऊँ' अभियानले सार्थकता पाउन नसकेको तथ्य मधेश प्रदेशको महिला हिंसाको तथ्याङ्क र मागेजति दहेज नदिएको निहुँमा बुहारीहरू जलेको घटनाले प्रष्ट पार्छ । कन्या पक्षले विवाहको बेला वर पक्षलाई दिइने सम्पत्ति, नगद, गरगहना र उपहार आदिलाई दाइजो, दहेज र तिलक पनि भन्ने गरिन्छ । कुनै जात र समुदायमा छोरीको विवाहमा केटा पक्षलाई दिइने नगद, गरगहनालगायतको चल अचल सम्पत्ति दहेज वा दाइजो हो भने भनेको विवाहपूर्व केटी पक्षले केटा पक्षसँगको भेटमा दिइने नगद, लुगा, गरगहना आदि तिलक हो ।

प्राचीनकालमा, आफ्नो छोरी कसैको साथ सुम्पेपछि छोरी र ज्वाइँलाई नगद, वस्तु, आभूषण र छोरीलाई अर्काको घरमा बस्नलाई सहज होस् भन्ने पवित्र तर्कका आधारमा सुरू भएको दाइजो प्रथा आज विकराल होडबाजीको स्वरूप ग्रहण गरिसकेको छ । यस्तो अवस्थामा दाइजो लिनुदिनु अपराध मात्र नभएर पारिवारीक विग्रह र विखण्डन, शारीरिक तथा मानसिक यातना, बालविवाह, बहुविवाह, अनमेल र जबरजस्ती विवाह, स्त्री भ्रूण हत्या, हत्या, आत्महत्या तथा यौनजन्य हिंसा, महिलाको शिक्षा, स्वास्थ्य तथा आत्मबलमा कमी आउनुको मुख्य कारक तत्व पनि हो ।

**दाउजोको प्रचलन कसरी भयो ?**

पूर्वमध्यकालमा तिरहुतका राजा राजा हरिसिंह देवको शासनकालमा विद्वान वीच शास्त्रार्थ हुन्थ्यो । यसमा विजयी विद्वानलाई पुरस्कृत गरिन्थ्यो । सन् १३२४ मा राजा हरिसिंह देवले अविवाहित मैथिल ब्राह्मण युवकबीच शास्त्रार्थ गराएका थिए । लामो समयसम्म तर्कवितर्क चलिरह्यो र त्यसमा वेद, वेदान्त, योग र न्यायजस्ता विषय उठेका थिए । राजा हरिसिंह देवले ब्राह्मण युवकको विद्वता देखेर प्रभावित भए र अनौठो तरिकाले ती युवकलाई पुरस्कृत गरेका थिए । यद्यपि शास्त्रार्थमा भाग लिने युवक अविवाहित भएकाले पुरस्कारस्वरूप उनीहरूलाई एकएक सुन्दर बेहुली विवाह गर्ने मौका प्रदान गरेका थिए । त्यसपछि यसको आयोजना प्रत्येक वर्ष हुन थाल्यो । पहिले मैथिल ब्राह्मण युवकको सभा हुने गर्दथ्यो । यसमा उनीहरूबीच शास्त्रार्थ हुन्थ्यो र बेहुली पक्ष आफ्नी छोरीका लागि योग्य बेहुलाको खोजी गर्न त्यहाँ भेला हुन्थे । यसले मैथिली समाजमा बसालिदिएको शिक्षाका आधारमा वर चुन्ने परम्परा पछि विकृत बन्यो ।

छोरीको विवाहका लागि एउटै केटामाथि धेरैले दाबी गर्न थालेपछि लेनदेन रुपी दहेजले मिथिलामा प्रवेश पाएको भनिन्छ । मधेसी समाजमा छोरीलाई 'पराया धन' भन्ने प्रचलन अहिले पनि पाइन्छ । यो मान्यताका कारण छोरीलाई धेरै पढाउनेभन्दा छिट्टै विवाह गरिदिनु यहाँ उचित ठानिन्छ । छोरी दिन्छु, तर दाइजो दिन्नँ भन्ने अभिभावक बिरलै भेटिन्छन् । दाइजो होइन, गुणी बुहारी चाहिन्छ भन्ने अभिभावक पनि दुर्लभ छन् ।

**कानूनमा के छ ?**

पहिला-पहिला छोरीलाई पैतृक सम्पत्तिमा कानूनी अधिकार नभएको कारण छोरीको विवाहपछि पतिको घर पठाउँदा छोरीका आमाबुबाले आफ्नो आर्थिक हैसियतअनुसार स्वेच्छाले दाइजोस्वरूप चल सम्पत्ति दानस्वरूप दिने गर्दथे । तर अहिले मुलुकी देवानी संहिता, २०७४ को दफा २०५ ले सगोलको सम्पत्तिमा पति, पत्नी, बाबु, आमा, छोरा, छोरीलाई समान अंशियार मानेको छ । नेपालको संविधानको धारा ३८ (१) ले प्रत्येक महिलालाई लैंगिक भेद्भाव बिना समान वंशीय हक हुनेछ भन्ने कुराको प्रत्याभूति गरिएको छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १७४ ले आफ्नो परम्परादेखि चली आएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहनाबाहेक विवाह गर्ने दुलहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल, दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी विवाह गर्न वा गराउन नहुने भनेको छ । दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी विवाह गरेमा त्यस्तो व्यक्तिलाई तीन वर्षसम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ ।

चल, अचल सम्पत्ति वा दाइजो माग गर्न वा त्यस्तो चल, अचल सम्पत्ति वा दाइजो नदिएको कारणले दुलही वा निजका नातेदारलाई कुनै किसिमले हैरान पार्न, सताउन वा कुनै अमानवीय वा अपमानजन्य व्यवहार गर्न नहुने समेत भनेको छ । यस्तो कसूर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने तथा कुनै सम्पत्ति लिएकोमा त्यस्तो सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता दिनुपर्ने मुलुकी अपराध संहिताले व्यवस्था गरेको छ ।मुलुकी अपराध संहिता, २०७४ ले विवाह गर्ने दुलहा वा दुलहीका तर्फबाट कुनै किसिमको चल, अचल, दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्त राखी विवाह गर्न वा गराउन नहुने व्यवस्था गरेको छ । तर कानुनको प्रभावकारी कार्यान्वयन नहुनु हाम्रो जस्तो लिखित संविधान भएको मुलुकको लागि विडम्बनाको विषय हो । विधायिकाले कुनै कानुन बनाउँछ भने कार्यपालिकाले त्यसलाई अक्षरशः लागू गर्नुपर्छ । सर्वोच्च अदालतबाट पनि विभिन्न समयमा विभिन्न मुद्धाहरूमा निर्णय भएको छ ।

विवाह सम्पन्न गर्ने शिक्षित बरबधुले पनि कुपरम्पराबाट ग्रसित आमा बुबा लगायत अभिभावकको कारण खर्चिलो तिलक र दाइजोका साथै भड्किलो रूपमा विवाह सम्पन्न गर्ने गरेको देखिन्छ । तसर्थ यसको नियन्त्रण हेतु दाइजो सम्बन्धी विशेष ऐनको खाँचो देखिन्छ । कानुन लागू गर्न नसक्नु भनेको सार्वभौम राष्ट्रको कानुन बनाउने काममा सार्वभौम संसदको आदेश पालना नगर्नु हो । तसर्थ विशेष कानुन बनाएर बाध्यात्मक र अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्छ ।

दाइजोविरूद्धको अभियानलाई थप सशक्त र प्रभावकारी बनाउन नीतिगत र संस्थागत सुदृढीकरण, सरोकारवाला पक्षहरूबीच समन्वय, साझेदारी र सहकार्य प्रवर्द्धन हुनु आवश्यक छ । दाइजो नियन्त्रणका लागि कानुन र राज्य मात्रको एकल प्रयासले सम्भव नहुने हुँदा निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, पत्रकार जगत र सर्वसाधारण नागरिकको सक्रिय भूमिका र सहकार्य अपरिहार्य रहेको हुँदा एक अर्कामा सामाञ्जस्यता र सहकार्य गरेर अगाडी बढ्नु पर्दछ । मधेश प्रदेशका जिल्लाहरूमा विकराल समस्याको रूपमा रहेको दाइजो प्रथा हटाउन स्थानीय तहका जनप्रतिनिधिहरू विशेषरूपमा अग्रसर हुनुपर्दछ । *(लेखक त्रिभुवन विश्वविद्यालय कानुन, सङ्कायमा विधावारिधि तहका शोधार्थी हुनुहुन्छ ।)*


डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह

Dr. Santosh Prasad Sah

MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)

NMC Reg. No. : 15019

कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव

Dr. Yamesh Yadav

MBBS (T.U), MS (Nobel Medical College, K.U.) General and Laproscopic Surgeon

NMC Reg. No. : 16392

जेनरल सर्जन

डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :

कृताञ्जली मेडिकल हँल

राजविराज

Mo. No : 9842830252, 9804605569


# सबै सरकारी निकायलाई ओएनएम सर्भे गर्न परिपत्र

काठमाडौँ, ३ साउन (रासस) ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आगामी मङ्सिर मसान्तभित्रमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम सर्भे) सम्पन्न गरिसक्न सबै मन्त्रालय, आयोग, सचिवालय र निकायलाई परिपत्र गरेको छ ।

असार २९ गतेको मन्त्रीस्तरीय निर्णयअनुसार मन्त्रालयले सबै सरकारी निकायलाई परिपत्र गरेको हो । निजामती सेवा ऐन, २०४९ तथा नियमावली २०५०, सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०६६ एवं सङ्गठन संरचना र दरबन्दी पुनरावलोकनसम्बन्धी संक्षिप्त कार्यविधि, २०७६ बमोजिम ओएनएम गर्न मन्त्रालयले परिपत्र गरेको हो ।

"मन्त्रालय, आयोग, सचिवालय, निकाय वा अन्तर्गतका कार्यालयको सङ्गठन तथा व्यवस्थापन गर्ने कार्यको बजेट वक्तव्यमा उल्लिखित समयसीमाभित्रै सम्पन्न गर्नेगरी अघि बढाउन यस मन्त्रालयको असार २९ गतेको निर्णयअनुसार अनुरोध छ", परिपत्रमा भनिएको छ ।

चालु आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यको बुँदा नम्बर ५० मा सम्बन्धित

*बाँकी तीन पृष्ठमा*

राजविराज दैनिक


# डेङ्गु सङ्क्रमण ह्वात्तै बढ्यो, १० जिल्लामा बढी सङ्क्रमण

काठमाडौँ, ३ साउन (रासस)।

पछिल्लो समय डेङ्गु सङ्क्रमण बढेको पाइएको छ। पानी लगातार पर्न थालेपछि डेङ्गु सङ्क्रमण उच्च भएको हो। इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक रुद्रप्रसाद मरासिनीले एक हप्तायता सङ्क्रमण बढेको बताउनुभयो।

उहाँका अनुसार लगातार परिरहेको पानीले गर्दा सरसफाइमा ध्यान पुग्न सकेको छैन। सोही कारण सङ्क्रमण दैनिक बढिरहेको छ। पानी परेसँगै पानी जम्ने र जमेको पानीमा लामखुट्टेका लार्भा बढ्न थालेर सङ्क्रमण दिनानुदिन बढिरहेको निर्देशक मरासिनीले जानकारी दिनुभयो।

डेङ्गु पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ। ती फुल लार्भा बन्छ र त्यही लार्भा वयस्क भएपछि मानिसलाई टोक्छ र डेङ्गु सङ्क्रमण हुन्छ। एक हप्तामा बीचमा एक हजारभन्दा बढी डेङ्गुका बिरामी भेटिएका छन्।

महाशाखाका अनुसार यही असार २७ गते एक हजार तीन सय ३७ सङ्क्रमण भएकोमा साउन १ गतेसम्म आइपुग्दा सङ्ख्या बढेर दुई हजार नौ सय ३० जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ।

यसपटक कोशी प्रदेशमा सङ्क्रमण बढेको पाइएको छ। कोशी प्रदेशमा एक हजार सात सय ४६, बागमती प्रदेशमा चार सय ६८, सुदूरपश्चिम प्रदेशमा दुई सय ७९, गण्डकी प्रदेशमा दुई सय ६९, लुम्बिनी प्रदेशमा एक सय ३४, कर्णाली प्रदेशमा १८ जना र मधेस प्रदेशमा १६ जनामा सङ्क्रमण देखिएको छ।

**१० जिल्लामा बढी सङ्क्रमण**

नयाँ देखिएका बिरामीमध्ये ८२ प्रतिशत बिरामी १० जिल्लाका रहेका छन्। सबभन्दा बढी सुनसरी जिल्लामा एक हजार पाँच सय ७१, धादिङ दुई सय ५६, दार्चुला एक सय ८८, कास्की एक सय ४९, सङ्खुवासभा ५८, काठमाडौँमा ४६, कन्चनपुर ३९, भक्तपुर ३५, म्याग्दी ३५ र झापा ३२ जनामा डेङ्गुका बिरामी भेटिएका छन्।

नेपालमा पहिलो पटक सन् २००४ मा एक जनामा डेङ्गु देखिएको थियो। मन्त्रालयले लामखुट्टेबाट बच्नका लागि सधैँ झुल टाँगेर मात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न अनुरोध गरेको छ। सम्भव भएसम्म लामखुट्टे भगाउने धुप वा मलमको प्रयोग गर्न, घरपालुवा पशुपंक्षी व्यवस्थित ढङ्गले पाल्न र घर वरिपरि गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न नदिने आग्रह गरेको छ।

# गण्डकीका यातायात कार्यालयबाट तीन अर्ब राजस्व संकलन

गण्डकी, ३ साउन (रासस)।

गण्डकी प्रदेशमा रहेका यातायात कार्यालयले गत आर्थिक वर्ष २०७९/८० मा रु तीन अर्बभन्दा बढी राजस्व सङ्कलन गरेका छन्।

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयद्वारा बुधबार पोखरामा आयोजित वार्षिक समीक्षा कार्यक्रममा मन्त्रालय मातहतका यातायात कार्यालयका प्रमुखहरूले अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्ष ३० प्रतिशत बढी राजस्व सङ्कलन गरेको तथ्याङ्क प्रस्तुत गर्नुभएको हो।

बागलुङ, डुम्रे र नवलपुरमा एक-एक र कास्कीमा दुईवटा यातायात कार्यालय, गोरखा, लमजुङ र स्याङ्जामा यातायात सेवा कार्यालयले गत आवमा कुल रु तीन अर्ब १७ करोड राजस्व सङ्कलन गरेका हुन्। सवारी चालक अनुमतिपत्र जारी, नवीकरण, सवारीसाधन दर्ता, नवीकरण र जरिवानालगायतका शीर्षकमा राजस्व सङ्कलन भएको हो। ती कार्यालयले आव २०७८/७९ मा रु दुई अर्ब २४ करोड राजस्व सङ्कलन गरेका थिए। अघिल्लो वर्षको तुलनामा रु ९३ करोड बढी राजस्व सङ्कलन गरिएको छ।

प्रदेशमा सबैभन्दा बढी रु दुई अर्ब पाँच करोड ६० लाख ४८ हजार दुई सय ६४ राजस्व सङ्कलन यातायात व्यवस्था कार्यलय पोखराले गरेको छ। करको दरमा भएको वृद्धि र सहजरूपमा कर तिर्ने व्यवस्था मिलाइएकाले राजस्व सङ्कलन बढेको यातायात व्यवस्था कार्यालय पोखरा (सवारी)का प्रमुख डिल्लीराम रिजालले बताउनुभयो।

"सवारीसाधन दर्ता र नवीकरणसम्बन्धी सेवा दिने हाम्रो कार्यालयमा फाइललाई डिजिटलाइजेसन गरेर लाइन बस्न र बिचौलियाको सहयोग लिन नपर्ने बनाएपछि सेवाग्राहीको चापसँगै राजस्व पनि बढेको छ", उहाँले भन्नुभयो, "सहज, छिटो हुने भएकाले अन्य प्रदेशमा दर्ता भएका सवारीसाधनका धनी पनि नवीकरण गर्न हामीकहाँ आउँदा राजस्व बढेको हो।"

सो कार्यालयबाट आव २०७८/७९ मा रु एक अर्ब ३५ करोड आठ लाख पाँच हजार २८ राजस्व सङ्कलन भएको थियो। यसैगरी यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र) कास्कीले रु २४ करोड ३९ लाख ९३ हजार आठ सय चार राजस्व सङ्कलन गरेको छ।

"अघिल्लो वर्ष रु २० करोड १४ लाख ४२ हजार राजस्व सङ्कलन भएकामा यस वर्ष २१ दशमलव १२ प्रतिशतले बढेको छ", उहाँले भन्नुभयो, "सेवाग्राहीको अत्यधिक चाप र भीड हुने भएकाले बिहान ८:०० बजेदेखि नै सवारी चालक अनुमतिपत्रको ट्रायल परीक्षा सञ्चालन गर्न र सवारी चालक अनुमतिपत्रको राजस्व अनलाइनमार्फत बुझाउने व्यवस्था मिलाइएको छ।"

अघिल्लो वर्षको तुलनामा करिब रु चार करोड बढी रु १९ करोड १४ लाख पाँच हजार नौ सय ७० राजस्व सङ्कलन गरेको यातायात व्यवस्था कार्यालय बागलुङका प्रमुख पारसिङ थापाले ठूला सवारीसाधनको सवारी चालक अनुमतिपत्रको लागि बागलुङमै ट्रायल सञ्चालन गर्ने तयारी भएको बताउनुभयो।

यातायात कार्यालय नवलपुरले अघिल्लो वर्षको तुलनामा करिब पाँच करोडभन्दा बढी राजस्व सङ्कलन गरेको छ। नवलपुरबाट रु ३१ करोड ६६ लाख ४८ हजार ४५ राजस्व सङ्कलन भएको कार्यालय प्रमुख टेकबहादुर केसीले बताउनुभयो। यातायात कार्यालय डुम्रेका प्रमुख कुशल सुवेदीले रु १८ करोड ७५ लाख ६४ हजार सात सय १७ राजस्व सङ्कलन भएको बताउनुभयो। सो कार्यालयले गत वर्ष रु १३ करोड ८४ लाख २१ हजार तीन सय ५६ राजस्व सङ्कलन गरेको थियो।

अघिल्लो वर्ष रु छ करोड २४ लाख १० हजार ५३ राजस्व सङ्कलन गरेको यातायात शाखा लमजुङले यसपटक रु चार करोड १६ लाख ६६ हजार एक सय ९७ सङ्कलन गरेको छ। यातायात शाखा स्याङ्जाले रु नौ करोड १९ लाख र गोरखाले रु तीन करोड ९१ लाख ७७ हजार राजस्व सङ्कलन गरेको छ।

दरबन्दीअनुसारका कर्मचारीको अभाव, करारका कर्मचारीको भरमा कार्यालय सञ्चालन गर्नुपर्ने, सङ्घीय सरकार मातहतको सर्भरमा पटक-पटक आइरहने समस्याका कारण सेवाप्रवाहमा चुनौती रहेको यातायात कार्यालय डुम्रेका प्रमुख कुशल सुवेदीले बताउनुभयो।

"दरबन्दीका कर्मचारी नभएकाले कार्यालय सहयोगीलाई राजस्व सङ्कलनको जिम्मा दिनुपरेको छ", उहाँले भन्नुभयो, "ट्रायल, लिखित परीक्षा र कार्यालयको कामकाज सञ्चालन गर्न समस्या भएको छ।" यातायात शाखा स्याङ्जाका प्रमुख द्रोणप्रसाद पनेरुले जिल्ला बाहिर जाँदा सहयोगीलाई कार्यालयको जिम्मा लगाउनुपरेको बताउनुभयो।

यातायात कार्यालय नवलपुरका प्रमुख टेकबहादुर केसीले १८ जनाको दरबन्दी भएकामा छ जनामात्र स्थायी भएको र कर्मचारी अभावका कारण सवारीसाधनको अनुगमन गर्न समस्या भएको बताउनुभयो। पूर्वाधार र जनशक्ति अभावमा सवारीसाधनको प्रदूषण जाँच न्यून मात्रामा भएको यातायात कार्यालय कास्की सवारीका प्रमुख डिल्लीराम रिजालको भनाइ छ।

कार्यक्रममा गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले प्रदेशको आन्तरिक आम्दानीमा ६६ प्रतिशत योगदान गर्ने यातायात कार्यालयलाई प्रविधिमैत्री, स्रोतसाधन सम्पन्न बनाएर छिटो, छरितो सेवा प्रवाह गर्ने वातावरण बनाउन प्राथमिकता दिएको बताउनुभयो।

"नेपालमै पहिलोपटक यातायात कार्यालय पोखरामा सुरु भएको सवारी चालक अनुमतिपत्र नवीकरणको राजस्व अनलाइनबाट भुक्तानी गर्ने र सवारीसाधनको फाइललाई डिजिटलाइजेसन गर्ने कार्यलाई अन्य कार्यालयमा पनि विस्तार गर्न बजेट विनियोजन गरेका छौँ", उहाँले भन्नुभयो, "प्रविधिको प्रयोग गरेर यातायात कार्यालयलाई स्मार्ट बनाउन जोड दिएका छौँ।"

अतिरिक्त समयमा काम गर्ने कर्मचारीलाई प्रोत्साहन रकम प्रदान गर्ने, रिक्त दरबन्दीको पदपूर्ति र तत्कालै करारका जनशक्ति व्यवस्थापन गर्ने जानकारी दिँदै मन्त्री जुग्जालीले मन्त्रालयको गतिलाई पक्रेर काम गर्न कर्मचारीहरूलाई निर्देशन दिनुभयो।

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका सचिव तुलसीराम भट्टराईले सफ्टवेयर र सर्भरको समस्याको विषयमा सङ्घीय र प्रदेशका भौतिक मन्त्रालयहरूको समन्वय बैठकको मुद्दा बनाउने बताउनुभयो।

उहाँले चार वर्षअघि बनेको यातायात नियमावली कार्यान्वयन गर्न कार्यविधिको मस्यौदा तयार पारेको जानकारी दिँदै आर्थिक ऐनको त्रुटिका कारण सवारीसाधन नवीकरण गर्न सिर्जना भएको समस्या समाधानका लागि अन्तरमन्त्रालय समन्वय गर्ने प्रतिबद्धता जनाउनुभयो।

मन्त्रालयका महाशाखा प्रमुख टीकाराम पौडेलले प्रविधिको प्रयोग गरेर यातायात कार्यालयको सेवालाई सहज र सुधार गर्न प्राथमिकता दिएको जानकारी गराउनुभयो। प्रविधिको प्रयोगबाट कम जनशक्ति परिचालन गरेर अधिकतम सेवा प्रवाहको प्रयासमा मन्त्रालय रहेको उहाँले बताउनुभयो।

गण्डकी प्रदेश ट्राफिक प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक इन्द्रप्रसाद सुवेदीले गत आवमा गण्डकीमा तीन सय ७४ वटा दुर्घटनामा एक सय ६८ जनाको ज्यान गएको र सबैभन्दा बढी मोटरसाइकल दुर्घटना भएको जानकारी दिनुभयो। ट्राफिक प्रहरीले गत वर्ष गण्डकीमा एक लाख ९६ हजार नौ सय ४४ सवारीसाधनलाई कारबाही गर्दा रु २३ करोड ८५ लाख ३१ हजार राजस्व सङ्कलन भएको सुवेदीले बताउनुभयो।

***सबै सरकारी ...***

मन्त्रालय र निकायले मङ्सिर महिनाभित्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरिसक्नुपर्ने उल्लेख गरिएको छ। बजेट वक्तव्यको सोही व्यवस्थाअनुसार मङ्सिरभित्रमा उक्त काम सकिसक्न परिपत्र गरेको सङ्घीय मामिला मन्त्रालयले जनाएको छ।

त्यस्तै, चालु आर्थिक वर्षको बजेट वक्तव्यमा सबै सरकारी सेवा, निकाय र सार्वनिक संस्थानमा यस आर्थिक वर्षमा नयाँ संरचना र दरबन्दी सिर्जना नगर्नेसमेत उल्लेख गरेको छ। सार्वजनिक प्रशासनको विद्यमान संरचना र दरबन्दी पुनरावलोकन गरी छरितो बनाइने विषय पनि बजेटमा राखिएको छ।

## विश्व समाचार

### फ्रान्सेली दङ्गामा सात सयभन्दा बढीलाई जेल सजाय

पेरिस, ३ साउन (रासस/एएफपी)।

फ्रान्समा गत महिनाको अन्त्यमा भएका दङ्गामा सात सयभन्दा बढीलाई जेल सजाय सुनाइएको छ।

मुद्दाहरूको द्रुत गतिमा सुनुवाइ भएकामा अदालतको प्रशंसा गर्दै फ्रान्सेली न्यायमन्त्रीले त्यसबाट केही प्रतिवादी वकिलहरूलाई चिन्तामा पारेको बताएका छन्। बुधबारसम्म एक हजार दुई सय ७८ निर्णय सुनाइएकामा ९५ प्रतिशतभन्दा बढी प्रतिवादीहरू तोडफोड, चोरी, आगजनी वा प्रहरी अधिकारीहरूलाई आक्रमण गर्ने अभियोगमा दोषी ठहरिएका जानकारी उनले आरटीएल रेडियोलाई दिएका छन्।

न्यायमन्त्री एरिक डुपोन्ड मोरेट्टीका अनुसार करिब छ सय जनालाई पहिले नै जेल पठाइएको छ। देशमा शान्तिसुव्यवस्था कायम गर्न त्यसो गर्नुको विकल्प थिएन। सन् २००५ पछि फ्रान्समा यति विशाल हुलदङ्गा एवम् हिंसात्मक झडप भएका थिएनन्।

गत जुन २७ मा एक जना प्रहरी अधिकारीले १७ वर्षका फ्रान्सेली-अल्जेरियन किशोरलाई गोली हानेपछि देशभर हिंसा भड्किएको थियो। सुरक्षाकर्मी र प्रदर्शनकारीबीच चार दिन चार रात गम्भीर झडपपछि स्थिति नियन्त्रणमा आएको थियो। त्यसका लागि ४५ हजार सुरक्षाकर्मी सशस्त्र सवारी साधनका साथ परिचालन भएका थिए।

### युक्रेन संकट समाधानका निम्ति वार्ता कूटनीतिमा भारतको जोड

न्यूयोर्क, ३ साउन (रासस/एएनआई)।

भारतले युक्रेन सङ्कट समाधानका निम्ति वार्ता कूटनीतिमा जोड दिएको छ। जारी युक्रेन द्वन्द्वप्रति चिन्ता व्यक्त गर्दै भारतले वार्ता कूटनीतिमा जोड दिएको हो।

संयुक्त राष्ट्रसङ्घका लागि भारतका स्थायी प्रतिनिधि रुचिरा कम्बोजले संयुक्त राष्ट्रसङ्घको वार्षिक साधारणसभामा भएको युक्रेन बहसमा जारी द्वन्द्वप्रति भारतको गहिरो चासो व्यक्त गर्दै शत्रुताको तत्काल अन्त्य गर्नका साथै वार्ता र कूटनीतिमा फर्कन आग्रह गर्नुभयो। उहाँले यो युद्धको युग नभइ वार्ता र कूटनीतिको भएकाले त्यसकै माध्यमबाट सङ्कटको निकास खोजिनुपर्नेमा उहाँले जोड दिनुभयो।

द्वन्द्वका कारण विशेषगरी महिला, बालबालिका र वृद्धवृद्धाहरुको ज्यान गएको, दुवै देशका जनता पीडामा परेका उल्लेख गर्दै संयुक्त राष्ट्रसङ्घका लागि भारतका स्थायी प्रतिनिधिले युक्रेनको अवस्थालाई लिएर भारत चिन्तित भएको बताउनुभयो। उहाँले लाखौँ घरबारविहीन भएका, तीमध्ये अधिकांश छिमेकी देशहरूमा शरण लिन बाध्य भएका, नागरिक पूर्वाधारमा भएका आक्रमणले परिस्थितिलाई अझ जटिल एवम् चिन्ताजनक बनाएको बताउनुभयो। उहाँले रुस-युक्रेन द्वन्द्वका कारण उत्पन्न हालैका घटनाक्रमप्रति भारत चिन्तित भएको बताउँदै शान्ति र स्थायित्वका निम्ति दुवै पक्षलाई वार्तामा बस्न आग्रह गर्नुभयो।

"हामीले शत्रुताको तत्काल अन्त्य, वार्ता र कूटनीतिको मार्गमा तत्काल फर्कनका निम्ति सबै प्रयासहरू गर्न आग्रह गरेका छौँ। हामी सबैले सदस्यता लिने विश्वव्यापी व्यवस्था अन्तरराष्ट्रिय कानून, संयुक्त राष्ट्रसङ्घको बडापत्र र क्षेत्रीय अखण्डताको सम्मानमा आधारित भएकाले सबै राज्यको सार्वभौमसत्ताको सम्मान हुनुपर्नेमा भारत दृढ छ," रुस र युक्रेनबीच पुनःमैत्री कायम गर्दै उक्त क्षेत्रमा शान्ति कायम गर्ने वार्ताको विकल्प नभएको भारतीय अवधारण प्रस्तुत गर्दै स्थायी प्रतिनिधिले भन्नुभयो।

प्रधानमन्त्री नरेन्द्र मोदीले युक्रेन र रुसका शीर्ष नेतालाई 'यो युद्धको युग होइन' भन्ने कुरामा जोड दिनुभएको दोहोऱ्याउँदै स्थायी प्रतिनिधिले कम्बोजले मानव जीवनको मूल्यमा कुनै पनि हालतमा समाधान हुन नसक्ने विषयमा निरन्तर आवाज उठाएको तथा बढ्दो हिंसाले कसैको हित नहुने भएकाले मतभेद र विवाद समाधानको एक मात्र उपाय कूटनीति र वार्ता नै भएको बताउनुभयो। शान्ति स्थापनाका निम्ति कूटनीतिका सबै माध्यम खुला राख्न आवश्यक भएको उहाँले बताउनुभयो।

### सवारी दुर्घटनामा चौतिस जनाको मृत्यु

अल्जियर्स, ३ साउन (रासस/एएफपी)।

अल्जेरियाको दक्षिणी भागमा बुधबार बिहान यात्रीवाहक एउटा बस दुर्घटना हुँदा ३४ जनाको मृत्यु भएको छ भने अन्य १२ जना घाइते भएका छन्।

राजधानी अल्जियर्सबाट करिब दुई हजार किलोमिटर पर अवीसथत तामनरासेट शहरमा यात्रीवाहक बस र औद्योगिक उत्पादन बोकेको बाहन एकआपसमा ठाक्किँदा उक्त हताहति भएको उद्धारामा संलग्न एक अधिकारीले बताएका छन्। दुई वटा सवारी साधन ठोक्किँदा बसमा आगोलोको थियो। उद्धारकर्मीहरुले जलेका केही लाश निकालेका छन्।

दुवै सवारी साधन द्रुतगतिमा रहेकाले उक्त दुर्घटना भएको प्रारम्भिक अनुमान गरिएको छ। गत वर्ष अल्जेरियामा २३ हजार सवारी दुर्घटना भएका थिए। ती दुर्घटनामा तीन हजार चार सय नौ जनाको ज्यान गएको तथा ३० हजारभन्दा बढी घाइते भएको सडक सुरक्षासम्बन्धी सरकारी निकायले जनाएको छ।

# इन्जिनियर दिवसमा चियापान कार्यक्रम




**दैनिक समाचारदाता राजविराज, ३ साउन ।**

६१ औं इन्जिनियर दिवसको अवसरमा बुधबार राजविराजमा भेटघाट तथा चियापान कार्यक्रमको आयोजना गरिएको छ ।

सिडेन जिल्ला कार्यसमिति सप्तरीद्वारा आयोजित कार्यक्रममा विभिन्न क्षेत्रमा कार्यरत इन्जिनियरहरुको उपस्थिति रहेको थियो ।

सिडेनका जिल्ला अध्यक्ष रंजन यादवको अध्यक्षता तथा नेपाली काँग्रेस सप्तरीका सभापति रामदेव साहको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा विशिष्ट अतिथि काग्रेसका उपसभापति रामकुमार यादव, संगठन विभाग प्रमुख बद्री महात्मान, नेता उमेश मिश्र, कार्यपालिका सदस्य ललिता कर्ण, सहरी विकास भवन कार्यालयका प्रमुख प्रविण अधिकारी, सिडेनका मधेश प्रदेशका पूर्वअध्यक्ष ई. धनकिशोर साह लगायतले शुभकामना व्यक्त गरेका थिए ।

# सांसदलाई पाँच करोड दिने कार्यक्रमविरुद्ध सर्वोच्च रिट

**दैनिक समाचारदाता काठमाडौं, ३ साउन ।**

संघीय सांसदलाई जनही पाँच करोड दिने सरकारी कार्यक्रमविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भएको छ ।

बुधबार अधिवक्ता सागर बराल, सौगात राज बराल र कानुनका विधार्थी अविनेश अधिकारीले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गराएका हुन् । रिक्त रिटको असार ४ गतेका लागि पेशी समेत तोकिएको छ ।

आर्थिक वर्ष २०८०-८१ को आयव्ययको वक्तव्यको बुदाँ नं ४२५ मा उल्लेखित निर्वाचन क्षेत्रका लागि रु ५ करोड विनियोजन गर्ने गरी संसदीय पूर्वाधार विकास कार्यक्रम (सांसद बिकास कोष) सम्बन्धी व्यवस्था नगर्न नगराउन अन्तरिम आदेशको माग गरिएको छ ।

## चार दिनदेखी १३ ...

जानकारी गराई खोजतलास गर्दा पनि फेला पार्न नसकेको उनको भनाई छ ।

जनकपुर पनि नगएको र उनको सहपाठी तथा नजिकका आफन्त पर्ने सबै गाउँटोलमै रहेकाले छोरीको अपहरण भएको हुन सक्ने आमा जानकीले आशंका व्यक्त गर्दै स्थानिय प्रशासन लगायतका सरोकारवालामा खोजि गरिदिन अपील गरेकी छिन् ।

जानकीले भनिन्, "उनका साथी, आफन्त र चिनजान भएका ठाउँ सबैतिर खोज्न लगाएका छौं, तर कुनै पत्तो लागेको छैन् ।" आरुसीले प्रयोग गर्ने मोबाइलको प्राविधीक पक्षबाट पनि अनुसन्धान गर्न उनले प्रहरीसँग आग्रह गरेकी छिन् ।

आरुसीका परिवार, आफन्त र साथीभाई समेत फोटो बोकेर सम्भावित स्थानहरुमा खोजिमा जुटेका छन् । परिवारले प्रहरी चौकी पकरीमा समेत उजुरी गरि सकेका छन् ।

यता घटनाको अनुसन्धान गरिरहेका पकरी प्रहरी चौकीका असई जयकिशोर साहले नाबालिक आरुसीको पत्ता लगाउन प्रहरीले कुनै कसर बाँकी नराखेको जानकारी गराउँदै आरुसीको हुलियाँसहितको सम्पूर्ण विवरण देशैभरका प्रहरी कार्यालयमा पठाइसकिएको बताए ।

# प्रेस युनियनको सल्लाहकारमा दाहाल र झा मनोनीत

काठमाडौं, ३ साउन (रासस) ।

लोकतन्त्रवादी पत्रकारको छाता संस्था नेपाल प्रेस युनियनको सल्लाहकारमा वरिष्ठ पत्रकार तारानाथ दाहाल र धर्मेन्द्र झा मनोनीत हुनुभएको छ ।

युनियनका अध्यक्ष शिव लम्सालले नेपाल प्रेस युनियनको विधान-२०४८ (छैटौं संशोधन-२०७९) को धारा २३ बमोजिम नेपाल पत्रकार महासङ्घका पूर्व अध्यक्षद्वय दाहाल र झालाई सल्लाहकारमा मनोनीत गर्नुभएको हो । मनोनीत हुनुभएका दाहाल नेपाल प्रेस युनियनका संस्थापक एवं नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष तथा झा नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष हुनुहुन्छ ।

संस्थाको लक्ष्य र उद्देश्य परिपूर्तिका लागि दाहाल र झाको योगदान महत्वपूर्ण हुने प्रेस युनियनका महासचिव दिलीप पौडेलले बताउनुभयो । नेपाल प्रेस युनियनको विधानमा सल्लाहकार मनोनयन गर्ने व्यवस्था रहेको छ ।

## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# धरानमा एकै दिन एक सय जना भन्दा बढीमा डेंगुको संक्रमण

**दैनिक समाचारदाता सुनसरी, ३ साउन ।**

सुनसरीको धरान उपमहानगरपालिकामा बुधबार मात्रै एक सय जना भन्दा बढीमा डेंगुको संक्रमण देखिएको छ । एक हप्ता अघिसम्म दैनिक १२-१५ जनामा संक्रमितको पुष्टि हुने गरेकोमा बुधबार एक सय भन्दा बढी संक्रमित देखिएकोमा स्थिती भयाभय हुन सक्ने अनुमान गरिएको छ ।

सन् २०१९ मा धरानमा डेंगुले महामारीकै रूप लिएको थियो । धरान उपमहानगरपालिकामा मात्रै अहिलेसम्म संक्रमित संख्या २ हजार नाघिसकेको छ ।

बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानका सहप्रवक्ता डा. चुरामणि पोखरेलका अनुसार मनसुन सुरु भएदेखि डेंगुका बिरामी आउने संख्या बढ्दो छ ।

डा. पोखरेलले दैनिक परीक्षण गरिएको मध्ये ७५ प्रतिशतभन्दा बढीलाई डेंगु पुष्टि हुने गरेको जानकारी दिए । डेंगु संक्रमित बढेसँगै धरान उपमहानगरपालिका र प्रतिष्ठानको सहकार्यमा क्लिनिक सञ्चालनमा आएको हो ।

धरानमा हाल संक्रमणसँगै बिरामीको मृत्यु समेत हुन थालेको छ । डेंगु संक्रमणको कारण उपमहानगरपालिका वडा १७ की ३७ वर्षीया महिलाको मृत्यु भइसकेको छ । पोखरेलका अनुसार दैनिक डेंगुका ४०-५० जना आकस्मिक कक्षमा भर्ना हुने गरेका छन् ।

'आकस्मिक कक्षको क्षमता १०० बेडको छ । तर, डेंगुका दैनिक ५० जनाभन्दा बढी बिरामी भर्ना हुँदा आकस्मिक कक्ष भरिभराउ हुने गरेको छ' पोखरेलले भने, 'बालबालिका, गर्भवती, ज्येष्ठ नागरिकसम्मलाई डेंगुको संक्रमण भइसकेको छ । धरानमा समुदायस्तरमा संक्रमण फैलिइसकेको छ ।'

अस्पतालको तथ्यांक अनुसार वैशाखदेखि १७४ जना डेंगुका बिरामीलाई वार्ड वा आईसीयूमा भर्ना गरेर उपचार गरिसकिएको छ । 'बिरामी अस्पतालमा भर्ना हुने संख्या दिनप्रतिदिन दोब्बरको संख्यामा बढिरहेका छन् । केही दिनयता गम्भीर प्रकृतिका बिरामी बढ्दो छन् । जसलाई आईसीयूमा समेत राखेर उपचार गरिरहेका छौं', पोखरेलले अनलाइनसँग भने ।

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

डेंगीबाट बचौं
➢ उच्च ज्वरो आउनु।
➢ जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु।
➢ आँखाको गेडी दुख्नु ।
➢ अत्याधिक टाउको दुख्नु ।
➢ शरीरमा राता बिमिराहरू आउनु।
➢ वाकवाकी लाग्नु वा बान्ता हुनु।
यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*